# (ख) धन्यवाद ज्ञापन

## (अ) मदन पुरस्कार गुठीका तत्कालीन सदस्य-सचिव श्री कमलमणि दीक्षितले गर्नुभएको धन्यवाद-ज्ञापन

*[संवत् २०३७ सालको 'मदन पुरस्कार' 'नरसिंह अवतार' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री जगदीशशमशेर राणालाई समर्पण गर्न संवत् २०३८ साल आश्विन १६ गते रोज ६ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद-ज्ञापन। यो धन्यवाद-ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क ८८ बाट उद्धृत गरिएको हो।]*

अध्यक्षज्यू र बन्धुगण !

आजको दिन जसको आभिर्भावले सम्भव भयो– ती महापुरुष, लेफ्टिनेन्ट जनरल मदनशमशेर ज.ब. राणालाई सबभन्दा पहिले सम्झी धन्यवाद चढाऊँ।

ती महापुरुषको नाममा पुरस्कार स्थापना गर्ने सती साध्वी सम्माननीया रानीसाहेबमा समस्त नेपाली भाषा-भाषीका तर्फबाट धन्यवाद चढाऊँ।

पुरस्कारका लागि कितापहरू पठाइदिने विद्वान्हरूलाई धन्यवाद ! किनभने उहाँहरूले किताप यहाँ पेस नगरिदिए हामी पुरस्कार दिन सक्तैनथ्यौं। सबैतिर प्रकाशित पुस्तक खोजेर छानेर पुरस्कार दिन हाम्रो नियमले दिँदैन। त्यसैले किताप पठाइदिएर पुरस्कार चालू राख्न सघाएकोमा विद्वान् कवि लेखकहरूलाई धन्यवाद !

हाम्रो मन जत्तिकै विशाल भए पनि भौतिक हिसाबले पुरस्कार वितरण कक्ष सारै सानो छ। त्यसैले हिन्दूपूजार्चना प्रक्रियामा एउटा सानो कलशको जलमा "गंगेच यमुनेचैव गोदावरी सरस्वती नर्मदे सिन्धुकावेरी जलेऽस्मिन् सान्निधिंकुरु" भनेर समग्र आर्यावर्तका तीर्थलाई आवाहन गरेजस्तै अधिराज्यका र बाहिरका पनि नेपाली विद्वान्हरूलाई हामीले यस सानो समूहमा आवाहन गरेका छौं, त्यसरी सबै नेपाली विद्वान्हरूको प्रतिनिधित्व गरी आज "बोली" दिने विद्वान् रणधीर सुब्बालाई र गुठीका मुखपात्र विद्वान् श्री कृष्ण मिश्रलाई पनि धन्यवाद ! अरू यहाँ उपस्थित सबैलाई पनि धन्यवाद !

पुरस्कार पाउने कविलाई अझ धेरै धन्यवाद, किनभने यो पुरस्कारको परम्परा हो– पुरस्कार लिने दिने दुवैथरीले एक अर्कोलाई गौरवान्वित पार्दछन् । 'मदन पुरस्कार' प्राप्त गरेर कवि श्री राणाको प्रतिष्ठा बढेको छ भने यो पुरस्कार उहाँलाई दिन पाउँदा गुठी पनि गौरवान्वित भएको छ । कवि श्री राणालाई त नेपाली साहित्यिकहरूको तर्फवाट पनि विशेष धन्यवाद छ । उहाँले आज प्राप्त गर्नुभएको पुरस्कार राशि नेपाली साहित्यिकहरूका लागि नै खर्च गर्ने प्रतिश्रुति दिएर एउटा सर्वथा नौलो र स्वागतयोग्य आदर्श उभ्याउनुभएको छ उहाँले ।

अन्तमा, गुठीको आर्थिक पक्ष कार्यक्रम साथै वितरित वासलात तथा आम्दानी खर्चको स्रेस्ताले देखाउने छ । पोहर भनेअनुसार रजत-जयन्ती स्मारिका प्रकाशित हुन सकेन, किनभने गुठीका परिवारबाट साह्रै सानो सङ्ख्यामा मात्र लेखहरू प्राप्त भए । अब ती लेखहरू 'नेपाली' पत्रिकामा नै प्रकाशित गर्ने योजना छ । त्रिभुवन विश्वविद्यालय नेपाली विभागका तर्फबाट यस गुठीबारे अध्ययन गराइने योजनाअनुसार डा. वल्लभमणि दाहालका अध्यक्षतामा काम सुरु भएको छ । त्यसको प्रतिवेदन प्राप्त भएपछि फेरि यसबारे बताउनेछु । धन्यवाद !

☒ ☒ ☒